**KMC Journal**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1709 (Print)
Published by the Research Management Cell
Kailali Multiple Campus, Dhangadhi
Far Western University, Nepal
DOI: https://doi.org/10.3126/kmcj.v5i2.58249

# समकालीन कवितामा जातीय प्रतिनिधित्व

**अनिल अधिकारी**
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: aniladhikaribhojpur@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धान समकालीन नेपाली कवितामा प्रतिनिधित्वसम्बद्ध रहेको छ । प्रस्तुत अनुसन्धानमा समकालीन, नेपाली कविता र प्रतिनिधित्व मुख्य विषय भए पनि कवितामा जातीय प्रतिनिधित्व अन्तर्गत दलित प्रतिनिधित्वको विश्लेषणमा केन्द्रित छ । समकालीन नेपाली कविता वर्तमानको युगचेतनाको प्रतिबिम्बन, ज्ञानविज्ञानका विविध क्षेत्र, परिवर्तित सामाजिक-राजनीतिक सन्दर्भ तथा अभ्यासका आधारमा उठेका वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, स्थानीय, भाषिक, परम्परागत संस्कृतिको प्रतिनिधित्व भएका समावेशी आवाज प्रस्तुत गर्ने माध्यम भएको छ । सैद्धान्तिक आधार सांस्कृतिक प्रतिनिधित्व तथा गुणात्मक अनुसन्धान पद्धतिमा गरिने यस अनुसन्धानमा कविताको पाठमा प्रस्तुत उद्धरणका आधारमा विश्लेषण गरिने हुँदा यो पाठविश्लेषणकेन्द्री अनुसन्धान हो भने यसको अर्थापनका लागि विश्लेषणात्मक विधिको प्रयोग भएको छ । सांस्कृतिक प्रतिनिधित्व भाषा र सङ्केतका रूपमा निर्माण भएका भाष्यले सामाजिक स्थितिलाई कसरी परिभाषित गरेको छ भन्ने सन्दर्भको खोजी गर्ने अध्ययनपद्धति हो । यसले भाषिक सङ्केतले सामाजिक विषयलाई कसरी र कुन रूपमा प्रस्तुत हुन्छ भन्ने पक्षको खोजी गर्दछ । यस सैद्धान्तिक आधारअन्तर्गत जातीय प्रतिनिधित्व, प्रभुत्वको प्रतिरोध र सत्ता-अधीनस्थता यस अनुसन्धानका विश्लेषण ढाँचा हुन् । जातीय प्रतिनिधित्व समकालीन नेपाली कविताको अन्तर्वस्तु बनेको छ भने यसप्रकारका रचनामा ब्राह्मणवाद निर्देशित जातिव्यवस्था रहेको नेपाली सामाजिक संरचनामा अल्पसङ्ख्यक जातीय समूहले बहुसङ्ख्यक समूहमाथि विचारधारात्मक दमन गरी अधीनस्थ तुल्याएको विषयप्रति प्रतिरोध प्रस्तुत भएको छ। नेपालको राष्ट्रियता निर्माणमा सबै जातिको समानान्तर भूमिका रहे पनि सत्ताका नाममा भएका उत्पीडनका कारण नेपाली सामाजिक संरचनामा दलित प्रतिनिधित्व, पहिचानका साथै जातिगत आधारमा हुने केन्द्र-किनारा सत्तासम्बन्ध प्रस्तुत भएको विषयमा विमर्श भएको छ ।

***शब्दकुञ्जी :*** संस्कृति, सांस्कृतिकता, दलित प्रतिनिधित्व, सत्ता-अधीनस्थता, दलित पहिचान, प्रभुत्व

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

प्रस्तुत अनुसन्धानमा समकालीन वा समकालीनता, नेपाली कविता र प्रतिनिधित्व तीनवटा चर भए पनि नेपाली कवितामा प्रतिनिधित्वको विश्लेषण यसको उद्देश्य र सीमा हो । समकालीन वा समकालीनता गतिशील वर्तमानको युगचेतना तथा यसले संवहन गरेका विषयलाई प्रतिबिम्बन गर्ने प्राकल्पनामा आधारित सयमसीमा निर्धारणको प्रक्रिया हो भने यो वर्तमानमा क्रियाशील रहेका ज्ञानविज्ञानका विविध विषयका साथै यसको प्रयोग, विस्तार तथा यसको उत्पादकस्थितिको सूचक मानिन्छ । वर्तमान समयसूचक प्राकल्पनाको प्रतिनिधि समकालीनताको प्रभाव नेपाली कविताको अन्तर्वस्तुमा प्रतिबिम्बन भएको छ भने परिवर्तित सामाजिक, राजनीतिक एवम् सांस्कृतिक मूल्यको प्रत्यक्ष प्रभाव र अभिव्यञ्जना स्पष्ट देखिन्छ । नेपाली सामाजिक संरचनामा लामो समय प्रभुत्वमा रहेको ब्राह्मणवादी समाजव्यवस्था तथा त्यसको दमनका कारण किनारामा रहेका दमितका प्रतिनिधि आवाजले काव्यिक अभिव्यक्तिको रूपमा प्रस्तुत हुनु समकालीनताको प्राप्ति हो भने यसको प्रस्तुतिका लागि सशक्त माध्यम कविता हो ।

अभिव्यक्ति कलाको रागात्मक पक्ष प्रस्तुत हुने कविता तीव्र सौन्दर्यानुभूति तथा कम आग्रह अभिव्यञ्जना हुने कलात्मक साहित्यिक विधा हो भने यो सौन्दर्यका अन्तर्यमा विचार प्रस्तुतीकारणको सटीक र प्रभावकारी माध्यम मानिन्छ । साहित्यिक विधाको प्राचीन रूप कवितामा जीवनजगत्का विषयवस्तुको रागात्मक, भावात्मक आलङ्कारिक तथा लयात्मक प्रस्तुति रहेको हुन्छ । साहित्यका सार्विक घटकका रूपमा अन्तरवस्तु, संरचना, कथनपद्धति, भाषाशैली र उद्देश्यजस्ता सार्विक तथा लयात्मकता स्थानिक घटकको सार्थक समन्वयबाट सृजित कवितामा समाजका हरेक विषयको सन्तुलित, सम्यक, रागात्मक र कलात्मक अभिव्यञ्जना हुन्छ भने यसमा सामाजिक संरचनाको प्रभावकारी चित्रण हुनेगर्दछ । सामाजिक संरचनाको निर्माणका लागि क्रियाशील सामाजिक समूह तथा तिनको पारस्परिक सम्बन्धलाई प्रस्तुत गर्ने माध्यम समकालीन नेपाली कविता बनेको छ । समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्व प्रतिबिम्बन भएका कविताको उल्लेख्य उपस्थिति रहेको छ भने यो विषय उपर्युक्त शोधक्षेत्र रहेको छ । समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्वको प्रस्तुति भएका कवितामा दलित प्रतिनिधित्वअन्तर्गत गहुँगोरो अफ्रिका, बिसे नगर्चीको बयान, पुरानो मजदुर, म को हुँ ? र मेरो गाउँ कवितामा दलित प्रतिनिधत्व र पहिचानका अतिरिक्त प्रभुत्व र सत्ता-अधीनस्थता सघन रूपमा प्रस्तुत भएका छन् । ब्रह्मणवादी सामाजिक संरचनामा दलित सामाजिक समूहको पहिचानविहीन प्रतिनिधित्व तथा राज्य, राष्ट्रियता तथा संस्कृतिको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने दलित समुदायलाई अछूतको भूमिकाभन्दा पृथक् अन्यमा सीमित गरिएको इतिहास तथा वर्तमान परिवर्तित सन्दर्भलाई आत्मसात् गर्ननसकेको सामाजिक संरचनाको विभेदजन्य परिस्थितिको प्रस्तुति उपर्युक्त कवितामा भएको छ । समाजमा क्रियाशील सामाजिक समूहको तथा त्यसमा अभिव्यञ्जित दलित प्रतिनिधित्व, प्रभुत्व तथा सत्ता-अधीनस्थताका कोणबाट उपर्यक्त कविता विश्लेषणीय रहेका छन् ।

समालोचना पद्धतिका रूपमा सांस्कृतिक प्रतिनिधित्व अन्तर्अनुशासनात्मक विषय हो । राजनीतिक क्षेत्रबाट समालोचनामा आएको यस अनुशासनको आरम्भ प्रतिनिधित्व आधारभूत

राजनीतिक सिद्धान्तका रूपमा बेलायतको बर्मिङ्घम युनिभर्सिटीअन्तर्गत स्थापित समसामयिक सांस्कृतिक अध्ययन केन्द्र (सीसीसीयस)ले निर्माण र विकास गरेको सिद्धान्त हो (एटम, २०७४, पृ. २५८)। प्रतिनिधित्व चिन्तन इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीको द प्रिजन नोटबुकमा प्रस्तुत गरिएको मार्क्सवादको पुनर्व्याख्यालाई आधार मानी निर्माण भएको छ। मार्क्सवादले वर्गभित्रै समावेश गरी छुट्टै सम्बोधन गर्न नसकेका केन्द्रइतरका जाति, लिङ्ग, वर्ण, फरक क्षमता, क्षेत्र र विचारधारालाई मूलधारमा ल्याई तिनको पहिचान स्थापित गर्ने विचारधारा नै प्रतिनिधित्वको केन्द्रीय विषय रहेको छ। प्रतिनिधित्वको सैद्धान्तिक र दार्शनिक आधार निर्माण गर्न मार्क्सवादको योगदान रहे पनि पछिल्लो समय यस सिद्धान्तले डेरिडाको विनिर्माण तथा फुकोको सत्ता, शक्ति, सङ्कथन र ज्ञानविषयक ज्ञानमीमांसालाई अङ्गीकार गरेको छ। प्रतिनिधित्वको सिद्धान्तलाई मार्क्सवादबाट उत्तर मार्क्सवादी बनाउन बर्मिङ्घम विश्वविद्यालय र त्यहाँ स्थापित सांस्कृतिक अध्ययनका साथै उक्त केन्द्रका संस्थापक मध्येका एक स्टुआर्ट हलको महत्त्वपूर्ण भूमिका रहेको छ। साहित्यको अध्ययनका क्षेत्रमा प्रतिनिधित्वको सिद्धान्त समाजमा केन्द्रइतर रहेका वा पारिएका वर्ग, लिङ्ग, जाति, क्षेत्र, भाषा, सामाजिक विभेद, वञ्चितीकरणका बारेमा स्रष्टाद्वारा निर्माण गरिएका भाष्यका आधारमा पाठको विश्लेषण गर्ने सिद्धान्तको रूपमा स्थापित रहेको छ। प्रतिनिधित्वले अन्तरअनुशासनात्मक विषयका रूपमा साहित्यिक पाठमा रहेका केन्द्र र केन्द्रइतर भाष्यको खोजी गरी तिनलाई अलोचनात्मक दृष्टिले विवेचना गरी प्रकाशमा ल्याउने गर्दछ। समकालीन नेपाली कवितामा प्रतिबिम्बित दलित प्रतिनिधित्वको विश्लेषण मुख्य उद्देश्य रहने यस अनुसन्धानमा विश्लेषणका लागि सोद्देश्य पाँचवटा कविता चयन भएका छन्। यस अनुसन्धानका लागि कविता चयन गरिने मुख्य आधार दलित आवाज तथा प्रतिरोध चेतनाको प्रस्तुति हो। उपर्युक्त पाँच कविताका अतिरिक्त अन्य कृति यसका सीमाङ्कन हुन्। यस अनुसन्धानको सैद्धान्तिक आधारअन्तर्गत प्रतिनिधित्वको सिद्धान्तभित्रको जातीय प्रतिनिधित्व र यसको विश्लेषण गर्ने एकाइ वा ढाँचाका रूपमा जातीय प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोध र सत्ता-अधीनस्थता, अतिरिक्त अन्य मानक यसको सीमा रहेको छ।

समकालीन वा समकालीनता प्रचलित वा वर्तमान समयबोधसँग सम्बन्धित प्राकल्पनिक समयसीमा हो भने प्रस्तुत अनुसन्धान समकालीन नेपाली कवितामा प्रतिनिधित्व मूल समस्याअन्तर्गत जातीय प्रतिनिधित्वको विश्लेषणमा केन्द्रित रहेको छ। नेपाली कविताको समकालीन सन्दर्भ सांस्कृतिक अध्ययनका विविध सैद्धान्तिक ढाँचाका आधारमा अध्ययनीय शोधक्षेत्र हो भने यसका विविध अध्ययनपद्धति रहेका छन्। हिन्दू ब्राह्मणवादी जातिव्यवस्थामा दमित रहेको दलितको प्रतिनिधि आवाज प्रस्तुत भएका समकालीन नेपाली कविताको अध्ययनमा रहेको रिक्ततालाई यस अनुसन्धानको मुख्य समस्या बनाइएको छ जसको पूर्णताका लागि निम्नलिखित शोधप्रश्नको प्राज्ञिक उत्तर खोजिएको छ :

(क) कवितामा दलित प्रतिनिधित्व केकस्तो रहेको छ ?

(ग) कवितामा प्रभुत्वप्रति प्रतिरोध कसरी प्रस्तुत भएको छ ?

(ख) कवितामा सत्ता-अधीनस्थता प्रस्तुतिको प्रयोजन के हो ?

प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्वअन्तर्गत दलित प्रतिनिधित्वको विश्लेषणमा केन्द्रित छ । नेपाली कवितामा प्रस्तुत सीमान्तीय आवाजका सम्बन्धमा हुननसकेको रिक्तता पूर्तिका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । समकालीन नेपाली कविताका सन्दर्भमा भएका अध्ययन प्रगतिवादी, मार्क्सवादी, अन्य विचारधारात्मक, प्रवृत्तिपरक तथा विधासिद्धान्तकेन्द्री प्रतिमानका आधारमा भए पनि दलित प्रतिनिधित्वका कोणबाट हुननसकेको रिक्ततापूर्तिका साथै प्रतिनिधित्वको सैद्धान्तिक आधारमा भावी अध्येताका लागि मार्गनिर्देश तथा कविताकृतिको विश्लेषणसम्बद्ध आधार निर्माण गर्ने प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान सम्पन्न गर्नका लागि सामग्री सङ्कलन तथा विश्लेषण विधिअन्तर्गत सामग्री विश्लेषणको दार्शनिक, सैद्धान्तिक तथा विश्लेषणका पद्धति निम्नलिखित रहेका छन् -

### सामग्री सङ्कलन र विश्लेषणविधि

प्रस्तुत अनुसन्धान पुस्तकालय कार्यसम्बद्ध छ भने यसको पूर्णताका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको छ । प्राथमिक स्रोतका सामग्रीअन्तर्गत समकालीन नेपाली कविता मध्येबाट दलित चेतनासहित सशक्त प्रतिरोध प्रस्तुत भएका कवितामध्येबाट सोद्देश्य बिसे नगर्चीको बयान, गहुँगोरो अफ्रिका, पुरानो मजदुर, म को हुँ ? र मेरो गाउँ कविता रहेका छन् । यस अनुसन्धानका द्वितीयक स्रोतका सामग्री सैद्धान्तिक पक्षको निर्माणका लागि उपयोग भएका पुस्तक, जर्नल, लेखसङ्ग्रह र अन्य विषयसम्बद्ध कृति हुन् । सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्वको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिने प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धानपद्धतिमा आधारित छ । कवितामा प्रतिनिधित्वको विश्लेषणसँग सम्बन्धित रहेकाले यो पाठविश्लेषणकेन्द्री अध्यनन हो । यसको पूर्णताका लागि व्याख्यात्मक, विवेचनात्मक र विश्लेषणात्मकविधिको उपयोग भएको छ ।

### सैद्धान्तिक आधार

प्रतिनिधित्व आधारभूत राजनीतिक सिद्धान्तको विषय हो । प्रतिनिधित्वको सैद्धान्तिक आधार र अवधारणा निर्माणका लागि बेलायती सांस्कृतिक अध्ययन र यसको प्रेरक संस्था सीसीआरसीको महत्त्वपूर्ण भूमिका रहेको छ (पाण्डेय, २०७३, पृ. ५९) । प्रतिनिधित्वको सिद्धान्त नवमार्क्सवादी इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीको सिद्धान्तका आधारमा स्थापित भएको छ । ग्राम्सीको अवधारणामा प्रस्तुत भाषामा नै सबै विषयको प्रतिनिधित्व हुन्छ भन्ने मान्यताका आधारमा हलले यसको अध्ययन गरिनुपर्ने अवधारणा र मान्यता विकास गरेपछि प्रतिनिधित्व सांस्कृतिक अध्ययनको अभिन्न अङ्ग बन्नपुगेको हो । प्रतिनिधित्व भाषा र सङ्केतका रूपमा आएका भाष्यले विषय, वस्तु वा परिस्थितिलाई कसरी परिभाषित गरेको छ भन्ने सन्दर्भको खोजी गर्ने अध्ययनपद्धति हो । प्रतिनिधित्वको तात्पर्य भाषाका माध्यमबाट अर्थपूर्ण कुरा भन्नु वा भाषिक सङ्केतका माध्यमबाट प्रतिनिधित्व गर्दै संसारलाई अर्थपूर्ण बनाउनु हो" (हल, सन् २०१०, पृ.१५२) । यस ब्रह्माण्डमा रहेका सबै विषयका सङ्केत भाषामा

अवशिष्ट रहेकाले भाषाले जुन विषयलाई अर्थका रूपमा ग्रहण गरेको छ त्यही नै प्रतिनिधित्वको विषय रहने गर्दछ । प्रतिनिधित्व भाषिक सङ्केतले समाज र सामाजिक संरचनालाई गरेको परिभाषा र त्यसको अर्थसँग सम्बद्ध अध्ययनमा केन्द्रित रहन्छ । भाषाले अर्थको उत्पादन कसरी गरेको छ तथा उक्त अर्थले सामाजिक विविधताका केकस्ता पक्षको पृष्ठपोषण गरेको छ भन्ने तथ्यलाई प्राथमिकतामा राख्ने विषय हो ।

> प्रतिनिधित्व प्रतीकात्मक रूपमा कसरी अर्थको उत्पादन हुन्छ भन्ने विषयको खोजी गर्नु हो । सांस्कृतिक अध्ययनका सन्दर्भमा पाठमा प्रस्तुत सङ्केतव्यवस्था नै यस विषयको अध्ययन गर्ने माध्यम हो । यसैले सांस्कृतिक अध्ययनमा प्रतिनिधित्व प्रतीकात्मक रूपमा पाठमा आएका सङ्केत र अभ्यासको माध्यमबाट कसरी अर्थको उत्पादन भएको छ भनेर अन्वेषण गरिने पद्धति हो हल, सन् २०१०, पृ. २२६-२२७) ।

सांस्कृतिक अध्ययनमा पाठले प्रतिबिम्बन गरेको अर्थका आधारमा उक्त संरचनामा अवशिष्ठ प्रतिनिधित्वको निर्क्यौल गर्न सकिन्छ । प्रतिनिधित्व समाजमा रहेका विविधता र उक्त विविधताभित्र निर्मित सामाजिक मान्यताका रूपमा स्थापित भएको राजनीतिक क्षेत्रबाट साहित्यको समालोचनामा प्रवेश गरेको विषय हो । प्रतिनिधित्व भाषिक सङ्केतले निर्माण गर्ने विषय भएकाले भाषिक संरचनाले सामाजिक विषयका बारेमा प्रस्तुत गर्ने दृष्टिकोणका आधारमा यसको निर्धारण हुने तथ्य सिद्ध छ । साहित्य भाषाको कलात्मक वस्तु भएकाले साहित्यकारले सामाजिक संरचनालाई कसरी प्रस्तुत गरेको छ अथवा कसरी प्रतिनिधित्व गराएको छ भन्ने पक्षको खोजी गर्ने सशक्त माध्यम साहित्य हुन आउँछ ।

साहित्यका सन्दर्भमा प्रतिनिधित्व साहित्यकारले प्रयोग गरेको भाषासँग सम्बन्धित विषय हो । स्रष्टाले सृजनामा प्रयोग गर्ने भाषामा समाज र सामाजिक संरचनाका विविध सन्दर्भलाई चित्रण गरेको भाष्यका आधारमा प्रतिनिधित्वको अवस्था निर्क्यौल गरिन्छ । “साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग सम्बन्ध राख्दछ” (गिरी, २०७०, पृ. २८) । समालोचनापद्धतिको रूपमा प्रतिनिधित्वले साहित्यिक पाठभित्र समाज र सामाजिक विविधतालाई साहित्यकारले कस्ता भाष्यका माध्यमबाट प्रस्तुत गरेको छ भन्ने पक्षको खोजी गरी तिनमा अवशिष्ट विषयको पहिचान गरी त्यसको विवेचना गर्न सकिन्छ । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा भएको छ भन्ने विषयको पहिचानसँगै पछि परेको समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित आदि) वा अल्पसङ्ख्यक चरित्रहरूबाट नै प्रतिनिधित्वको खोजी सम्भव हुन्छ (भट्टराई, २०७० पृ.३३६) । स्रष्टाले समाजमा रहेका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, लिङ्ग, जाति, वर्ण, क्षेत्र, विचार, चेतना, जीवनपद्धति, स्थानीय संस्कृति, सामाजिक सत्ता, सत्ता र अधिनस्थता, पहिचान, प्रभुत्वजस्ता विषयको आधारमा विषय, भाषा र भावका रूपमा प्रतिनिधित्वको निर्माण र प्रयोग कृतिमा गरेको हुन्छ भने यसको एक आधार जातीय प्रतिनिधित्व हो ।

समाजमा जातीय विभाजनको सीमारेखा निर्धारण गरी वर्णव्यवस्थाका आधारमा समाजलाई उच्च र निच जातिमा वर्गीकरण गरी सामाजिक सत्तामा प्रभुत्वको आधार हिन्दू मनुवादी दर्शन तथा यसमा व्यख्या भएको वर्ण तथा जातिव्यवस्थाले गरेको हो । ब्राह्मणवादको केन्द्रीय पीठिकामा प्राचीन

कालदेखि ब्राह्मणवादी वर्चस्वलाई स्थापित गर्न निर्माण भएका धार्मिक विचार तथा मनुस्मृतिमा वर्णित ब्रम्हाका मुखबाट उत्पन्न कुलीन एवम् उच्चजातिको भएका कारण पृथ्वीमा भएका सम्पूर्ण वस्तु ब्राह्मणको ब्राह्मण नै ती सबैको अधिकारी हुने व्यवस्थाले जातिव्यवस्थालाई संस्कृतीकरण गरेको छ (शर्मा, सन् १९८६ : २३४) । सामाजिक संरचनामा जातीय वर्गीकरणको आधार हिन्दू धर्मशास्त्र तथा यसमा निहित कर्मकाण्डी पद्धतिमा अन्तर्निर्भर ज्ञानमीमांसा हो । हिन्दू जातिवादी ज्ञानमीमांसामा निर्धारण भएका भाष्य तथा यसमा निर्धारण गरिएका काल्पनिक जैविकीमा रहेको भिन्नताका आधारमा अवलम्बन हुने संस्कार, अन्तर्जातीय विवाहको पद्धति, ती पद्धतिमा रहेका भिन्नता तथा कर्मकाण्डको विधान जाति विभाजनका आधार हुन् (जयसवाल, २००४, पृ. १५) । सामाजिक समूहमा स्थापित भएका परम्परागत सांस्कृतिक अभ्यास तथा तिनले निर्धारण गरेका प्रक्रिया जाति निर्माणका आधार हुन् भने यसलाई संस्थागत तुल्याउन ब्रह्मणवादी ज्ञानमीमांसाको महत्त्वपूर्ण भूमिका रहेको छ । जाति सनातन धर्म र यसले निर्धारण गरेको वर्णव्यवस्थामा अन्तर्विवाही एकाइ हो, सो पानक्रमअनुसार क्रमबद्ध, जातीय रूपमा विस्तारित व्यवसायिक निर्मिति, धार्मिक शुद्धता, प्रकट हुन्छ । शुद्धता वा अशुद्धताका आधारमा निर्धारित हुने अन्तर्क्रियात्मक एकाइ हो (दुबे, २०११, पृ. ४८) । सामाजिक संरचनामा कथित् उच्चजातिको विचारधारा तथा वर्चस्वको आधीन कथित निचजाति मानिएका समुदायले रहनुपर्ने व्यवस्था सांस्कृतिक अध्ययनमा जातीय प्रतिनिधित्व अध्ययन गर्ने विषय हो । जाति श्रमविभाजनबाट आरम्भ भएको वर्णव्यवस्था तथा त्यसको विकारबाट भएको जाति व्यवस्था हिन्दू धर्मग्रन्थका माध्यमबाट दैवीकरण भई उत्पादन प्रक्रियाको खास ऐतिहासिक विकासमा संस्कृतीकरण र सामाजिक अभ्यास हुँदै स्थापित भएको विषय हो (भट्टराई, २०७७, पृ. १५४) । जातीय संरचनाका आधारमा निर्धारण भएका चारवर्ण तथा तिनका आधारमा छुटचाइएको जाति व्यवस्थाअन्तर्गत ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रका जातिसापेक्ष आफ्नै विशिष्टता, कार्य एवम् जीवनपद्धतिको परिकल्पना भएको छ । जसअनुरूप शूद्र समाजमा निम्नजातिको कोटिका विभाजित भई सत्ता सम्बन्धमा ब्राह्मण नीतिमर्मज्ञ चेतना, क्षत्रीय, सौर्य, वैश्य अर्थात् जनजाति समूह उत्पादक तथा शूद्रजातिका रूपमा दलित उपर्युक्त तीनै जातिको सहयोगी तथा अछूतको भूमिकामा रहने व्यवस्था श्रमविभाजनबाट निर्धारण भएका विषय हुन् ।

दलित ब्राह्मणवादी वर्ण र जातिव्यवस्थाका आधारमा निर्माण भएको सांस्कृतिक निर्मिति हो । मानव जातिलाई वर्णव्यवस्था अनुसार चार वर्णमा विभाजन गर्ने मनुवादी दर्शन तथा ज्ञानमीमांसाले उपल्लो जातिका स्थानमा ब्राह्मणलाई महिमामण्डन गर्दै क्षत्रीलाई शासक, वैश्यलाई शासित तथा शूद्रलाई अछूतमा परिभाषा र सबै जातिको सामाजिक संरचनामा भूमिका तथा सत्तासो पानक्रम निर्धारण गरेपछि कथित निचजातिको प्रतिनिधित्व र भूमिकामा दलितको वर्णव्यवस्था स्थापित भएको हो । समाजप्रदत्त सामाजिक समूहका रूपमा दलित शब्दको तात्पर्य समाजमा अपहेलित तथा उत्पीडित समुदायको प्रतिनिधि शब्द हो । सामाजिक समूहका रूपमा दलित जाति अछुत भनिएका जातीय समुदायको पहिचान स्थापित गर्ने भाषिक एवम् सांस्कृतिक व्यवस्था हो (किसान, २०५८, पृ. ६) । सामाजिक संरचनामा वर्णव्यवस्थालाई वर्चस्व स्थापना गर्ने आधा। मानी गतिशील भएका सांस्कृतिक अभ्यासले दलितलाई अछूतका रूपमा भूमिका तथा पहिचान दिने कार्यले जातीय

विभेद तथा जातका आधारमा मानव समुदायलाई पृथक् गरेको छ भने यसले जातीय प्रभुत्वका आधारमा सत्ता-अधिनस्थमा विभाजनसमेत गरेको छ । सामाजिक, सांस्कृतिक, विचारधारात्मक उपेक्षित, अपमानित, र पीडितको समूहका रूपमा  दलित आफ्नो अस्मिता, स्वाभिमान र इतिहासलाई दृष्टिगत गरी स्वयम्को अवगति, वर्तमान स्थिति र तिरस्कृत जीवनका बारेमा सोच्न बाध्य पारिएका समुदायको उत्पीडित अवस्थाको प्रतीक हो (प्रसाद, सन् २००१, पृ. १९) । समाजमा उत्पीडित समूदायका रूपमा पहिचान पाएको दलित जाति वा समुदाय वर्णमा आधारित समाज व्यवस्थाको उत्पादनका रूपमा लिइन्छ । समाजलाई जातीय आधारमा विभाजन गर्ने कारक वैदिक सनातन धर्म मानिने हिन्दूधर्म यसको मुख्य कारक हो भने धर्मलाई व्यवस्थित र नियमन गर्ने भाष्यले दलित जाति र यसको सामाजिक भूमिका निर्माण र निर्धारण गरेको छ । प्राचीन वैदिक धर्मले दलितलाई शूद्रका रूपमा पहिचान दिए पनि सामाजिक संरचनामा तिनको भूमिका  जनजातिको रहने व्यवस्था निर्धारण गरे पनि वर्णव्यवस्थामा आधारित जातीय विभाजनले यसलाई अछूतमा पुनर्पहिचान दिएको हो । सामाजिक समूहका रूपमा दलित जातिको उत्पीडित पहिचान स्थापित गर्नका लागि यस जातिलाई आर्थिक उत्पादनको भूमिकाबाट विमुख गर्नु पनि हो । ब्राह्मणलाई शूद्रको धन अधिग्रहण गर्नका लागि दिएको अख्तियारीले दलित सामाजिक समूह आर्थिक उत्पादन तथा अधिकारविहीन भएको हो (अज्ञात, सन् २०१२, पृ. ८०) । सामाजिक संरचनामा अछूत जातिको भूमिका निर्धारण भएको जाति र जातीय समूहका रूपमा दलित जाति सामाजिक र सांस्कृतिक रूपमा मात्र नभई आर्थिक र उत्पादन प्रक्रियामा समेत उत्पीडित तुल्याइएको सामाजिक समूह हो । दलित जातिलाई आर्थिक अधिकारबाट निस्तेज गर्ने भाष्य धर्मप्रदत्त अधिकारका रूपमा ब्राह्मण र कथित उच्चजाति मानिने सामाजिक समूहले लिए पछि यो समुदाय सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिले उत्पीडित समुदायमा रूपान्तर भएको हो भने प्रभुत्वशाली जातीय समूहमा कथित उच्चजाति तथा तिनको प्रभुत्व स्थापित भएको हो ।

प्रभुत्व राजनीति र प्रयोगका सन्दर्भमा प्रभुत्व नयाँ शब्द हो भने अन्तरअनुशासनात्मक विषयअन्तर्गत सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषय हो । सांस्कृतिक प्रभुत्वले सामाजिक संरचनाभित्र समूहबीच शक्ति, सत्ता र यिनको पारस्परिक अन्तर्सम्बन्धमाथि विमर्श गर्दछ । सामाजिक संरचनामा सत्ता र अधीनस्थबीचको सम्बन्धमा केन्द्रित रहने प्रभुत्व मूलतः विचारधारात्मक शक्तिसम्बन्धको क्षेत्र हो । प्रभुत्व अधिनस्थ वर्गमाथि दबाव र सहमतिका माध्यमबाट सामाजिक र सांस्कृतिक अधिकार स्थापित गर्ने माध्यम हो जुन समाज र संस्कृतिको लामो अभ्यासबाट निर्माण हुने गर्दछ (ग्राम्सी, १९७१, पृ. ३४२) । समाजको निर्माण एकै वर्ग, जाति, लिङ्ग वा सामाजिक समूहबाट मात्रै सम्भव छैन । जसरी समाज निर्माणका लागि बहुल सामाजिक समूह अपेक्षित रहन्छ त्यसै गरी ती समूहबीचको शक्ति र सत्तासम्बन्धका आधारमा वर्चस्वशाली र अधीनस्थ रहेका हुन्छन् । शक्ति र प्रभावको संरचनाका आधारमा प्रतिपक्षी, किनारीकृत वा अधिनस्थहरूमाथि दमन गर्ने सामाजिक अभ्यास प्रभुत्व हो (विलियम्स, सन् १९५८, पृ. १८२) । सामाजिक समूहबीचको विचारधारात्मक सम्बन्धका आधारमा रहने सन्तुलन तथा अन्तर्सम्बन्ध नै प्रभुत्व अध्ययनको मुख्य आधार हो । प्रभुत्व वर्ग, जाति, लिङ्ग, राष्ट्रियताजस्ता सामाजिक समूह तथा यिनीहरूबीचको राजनीतिक शक्तिसम्बन्ध र संरचना हो । प्रभुत्वको अवधारणा भन्नु नै दमनकारी शक्तिसम्बन्ध र संरचनालाई वैधता दिई अस्थायी रूपमा सत्ताले

आधीन सामाजिक संरचनासँग गर्ने सम्झौता हो (बार्कर, सन् २००२, पृ. ५८) । प्रभुत्व निश्चित सामाजिक समूहमा मात्र सीमित विषय नभई विश्वव्यापी रूपमै विस्तार भएको विषय हो । कुनै पनि देश वा समाजभित्र सत्ता कसरी चल्छ, त्यसको व्याख्या प्रभुत्वमा गरिन्छ । परम्परागत मार्क्सवादले सम्बोधन गर्न नसकेका र उत्तर दिन नसकेका प्रश्नको उत्तर दिने वा तिनलाई सम्बोधन गर्ने ग्राम्सीको सिद्धान्तमा प्रतिनिधित्वको विषय सैद्धान्तीकरण भएको हो (पाण्डेय, २०७३, पृ., ६४) । प्रभुत्व सामाजिक संरचनामा रहने बहुल समूह तथा तिनका बीचको शक्तिसम्बन्धको विवेचना गर्ने विषय रहेकाले यो समाज निर्माणका हरेक अङ्गसँग सम्बन्धित रहँदै यसको विचारधाराको अध्ययनमा केन्द्रित रहन्छ । सामाजिक वर्गमा प्रत्यक्षतः शक्ति तथा यसको प्रभाव वितरण गर्ने विचारधारात्मक प्रणाली प्रभुत्व हो जसमा शक्ति र सत्तामा रहेको वर्ग र किनारमा रहेका समूहबीचको सत्तासम्बन्धमा केन्द्रित अध्ययन हुन्छ (अब्राम्स, सन् १९९९, पृ. १५१) । प्रभुत्व सामाजिकीकरणको प्रक्रिया रहेकाले समाजमा क्रियाशील प्रत्येक सामाजिक समूह तथा तिनको शक्तिसम्बन्धमा आधारित विषयलाई प्रकाशमा ल्याउने अध्ययन पद्धति हो । प्रभुत्व सांस्कृतिक अध्ययनका सन्दर्भमा स्थापित मुख्य अवधारणा हो भने यो सामाजिक संरचनामा रहेका विविधताको परिभाषा, तत्सम्बन्धी विचारधारा, अभ्यास तथा सत्तासम्बन्धमा आधारित हुन्छ (बार्कर, सन् २००४, पृ. ८४) । सांस्कृतिक अध्ययनले साहित्यलाई सामाजिक संरचनामा विचारधारात्मक अङ्गका रूपमा व्याख्या गर्ने भएकाले साहित्यिक पाठमा प्रभुत्वको खोजी सिङ्गो सङ्कथनलाई सामाजिक समूहको  रूपमा लिई उक्त पाठभित्र अवशिष्ट वर्ग, जाति, लिङ्ग, क्षेत्र, भूगोल, भाषा, संस्कृति, उपसंस्कृति, विचारधाराजस्ता विषय कसरी मुखर रहेको छ ? भन्ने  पक्षको अध्ययन गर्दछ । सांस्कृतिक प्रतिनिधित्वअन्तर्गत सामाजिक समूहबीचको सत्तासम्बन्धको विश्लेषण गर्ने विषयका रूपमा सत्ता-अधीनस्थता पनि सशक्त मानक रहेको छ ।

व्यक्तिबाट परिवारमा रूपान्तर भई समुदाय हुँदै मानव जातिले समाजको स्वरूप ग्रहण गरेपछि सत्ता र अधीनस्थताको विषय सभ्यता विकाससँगै जोडिएर आएको हो । सत्ता सामाजिक संरचनामा वर्चस्वशाली वर्गले अधीनस्थ वर्गमाथि विचारधारात्मक नियन्त्रण गर्ने माध्यम हो भने शासक र शासितका बीचमा रहने सम्बन्ध नै सांस्कृतिक अध्ययनमा खोजी गरिने विषय हो । सत्ता सामाजिक संरचनामा शक्ति र सत्तासम्बन्धका आधारमा प्रभुत्व स्थापित गर्ने सामाजिक समूहको पारस्परिक सम्बन्ध तथा त्यसको प्राप्ति प्रक्रियासँग सम्बन्धित रहन्छ (बार्कर, २००२, पृ. ८४) । समाजमा वर्चस्व र अधीनस्थताको सत्ता तथा शक्तिसम्बन्धका आधारमा विर्धारण हुने सांस्कृतिक विषयका रूपमा सत्ता प्रभुत्वशाली वर्गले दमनकारी अथवा विचारधारात्मक दमनका माध्यमबाट स्थापित गर्ने प्रणाली हो भने यो शासक-शासित सम्बन्धमा निर्धारण र गतिशील हुने गर्दछ । सत्ता सामाजिक संरचनामा वर्चस्वशाली र अधिनस्थ बीचको सम्बन्धबाट निर्धारण हुने विषय हो (क्यानिङ, सन् २००१, पृ. ३११) । सामाजिक संरचना बहुल संरचक घटकको अन्वयबाट निर्माण हुने विषय रहेकाले यसमा वर्चस्वशाली समूहले अन्य समूहमाथि बलपूर्वक वा सहमतीय प्रणालीका आधारमा प्रभुत्व स्थापित गर्ने विषय नै सत्ताको सार हो । सत्ता व्यक्ति वा समूहमाथि एकै व्यक्ति वा समूहले बलप्रयोग वा नियन्त्रण गर्ने प्रणाली हो (एडगर र सेडबिक, सन् २००४, पृ. ३०४) । सत्ता समाजमा अधीनस्थ समूहलाई किनारीकृत माथि शक्ति प्रयोग गरी नियन्त्रण गर्ने माध्यम हो भने सामाजिक संरचनामा वर्चश्वशाली समूह र अधीनस्थबीचको

शक्तिसम्बन्ध नै सत्तासम्बन्धका अभिलक्षण मानिन्छ । सामाजिक संरचनामा रहेका सबै सूक्ष्म तथा स्थूल घटकमा सत्ता र अधिनस्थताको विषय विस्तार विश्वव्यापी संरचनादेखि परिवार र व्यक्तिसम्म भएको हुन्छ । सांस्कृतिक अध्ययनका सन्दर्भमा सत्ता सामाजिक संरचनामा आफ्नो योग्यता स्थापना, अस्तित्व कायम र शक्तिमा आउने माध्यम हो (क्यानिङ, सन् २००१, पृ. ३११) । सत्ता सामाजिक संरचनामा प्रभुत्वशाली वर्ग वा समुदायको विचारधारा समाजका सबै तहमा विस्तारित हुनु तथा त्यसको अर्थग्रहण गरी अधीनस्थ समुदायले शासकको सत्तालाई स्वीकार गर्ने प्रक्रिया सांस्कृतिक अध्ययनका सन्दर्भमा सत्ता-अधीनस्थताको मर्म हो । साहित्यमा सत्ताका आधारमा अधीनस्थमाथि दबाव वा विचारधारात्मक रूपमा गरिने दमन तथा शासक र शासितबीचको सामाजिक सम्बन्ध केकस्तो छ भन्ने विषयको खोजी सत्ता-अधीनस्थ सम्बन्ध तथा त्यसबाट सृजित शक्तिसन्तुलन तथा प्रतिनिधित्वको प्रक्रियाका आधारमा गरिन्छ । यस अनुसन्धानमा उपर्युक्त सैद्धान्तिक पक्षका आधारमा समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्वको विषयलाई निम्नलिखित ढाँचामा विश्लेषण गर्नु उपयुक्त ठहर्दछ :

| क्र. सं. | अध्ययनको समस्या | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्व | १. दलित प्रतिनिधित्व<br>२. प्रभुत्व<br>३. सत्ता-अधिनस्थता |

यस विश्लेषणको ढाँचाअनुरूप चयन भएका कविताको विवेचना अलग्गै शीर्षकमा गरिएको छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत अनुसन्धानका लागि समकालीन नेपाली कविताअन्तर्गत प्रतिनिधि कविका रूपमा श्रवण मुकारुङ, आहुति, स्व. स्वप्निल स्मृति, पञ्चकुमारी परियार र पवन परियारका क्रमशः बिसे नगर्चीको वयान, गहुँगोरो अफ्रिका, पुरानो मजदुर, मेरो गाउँ तथा म को हुँ ? चयन भएको छ । विष्लेष्य बिसे नगर्चीको बयान कविताले नेपाल राज्यको स्थापनामा राष्ट्रियता तथा दलित जातिको प्रतिनिधि बिसे नगर्चीको एकीकरणका लागि योगदान रहे पनि दलितको भूमिका समाजमा अछुतको
रहने ब्राह्मणवादी व्यवस्थाले शाहवंशीय राजाले एक्काईसौं शताब्दीमा पनि निरीह तथा पहिचानविहीन तुल्याएको सन्दर्भलाई ऐतिहासिक पुनर्निर्माणका माध्यमबाट प्रस्तुत गरेको छ । आहुतिको गहुँगोरो अफ्रिका कवितामा मान्छेलाई एकअर्कामा भिन्न मान्ने सांस्कृतिक निर्मितिका कारण दलित सामाजिक समूहले व्यहोर्नु पर्ने उत्पीडन तथा पहिचानको सङ्कटप्रति प्रतिरोधका साथै जातीय अस्मिता र आत्मसम्मानको आवाज प्रतिध्वनित भएको छ । स्मृतिको पुरानो मजदुर कविताले समाज, संस्कृति तथा मानवीय विश्वास निर्माण गर्नका लागि दलितको भूमिका अन्य जातिकै सापेक्ष सशक्त रहे पनि धर्म, ईश्वर, संस्कृति र सत्ताका आडमा दलितमाथि भएको दमन तथा उपेक्षित जातिकै रूपमा पहिचान रहेको विषयलाई राज्यव्यवस्था, समाज, संस्कृति र धर्मले समेत स्वीकार गर्ननसकेको सामाजिक संरचनाको चित्रण गरेको छ । परियार 'क'को मेरो गाउँ कवितामा सामाजिक अभ्यासका रूपमा दलितको कार्यलाई जातिकै आधारमा विभेद गर्ने संस्कृति तथा तिनले सिर्जना गर्ने मानसिकताको प्रतिबिम्बन भएको छ । परियार 'ख'को म को हुँ ? कविताले अन्धविश्वास तथा सांस्कृतिक अन्धता

अवलम्बन गर्ने ग्रामीण परिवेशका तुलनामा शिक्षित, पठित तथा उच्च राजनीतिक परिवेश भएको कथित् सहरी सभ्यतामा पनि छोइछिटो तथा जातीय विभेद उच्चतम विन्दुमा रहेको तथा मान्छेको परम्परागत ब्राह्मणवादी सोचका कारण जातीय आधारमा मान्छे कसरी विभाजित र दमनमा गरेको छ भन्ने सन्दर्भलाई जातीय पहिचान विहीनताका सन्दर्भबाट पुष्टि गरेको छ । अन्तर्वस्तुका तहमा इतिहासको पुनर्व्याख्याका साथै नेपाली समाजिक संरचनामा दलित सामाजिक समूहको समकालीन यथार्थ प्रस्तुत भएका उपर्युक्त कवितामा जातीय प्रतिनिधित्वको विषय अध्ययनीय देखिनआउँछ भने उपर्युक्त विषयलाई अलगअलग उपशीर्षकमा विश्लेषण गर्नु उपयुक्त ठहर्दछ ।

**दलित प्रतिनिधित्व**

हिन्दू वर्णव्यवस्थामा वर्णन भएको जातिव्यवस्था भएको सामाजिक संरचना नेपाली समाजव्यवस्थामा स्थापित रहेको छ भने सोही व्यवस्थाका आधारमा भएको जाति विभाजनले नेपाली समाजलाई ब्राह्मण क्षेत्री, वैश्य र शूद्रजातिको सामाजिक समूहमा विभाजन गरेको छ । वर्णव्यवस्थाअनुरूप विभाजन भएका सामाजिक समूहमध्ये दमित तथा उत्पीडित समुदाका रूपमा दलित जाति नेपाली समाज विकासको इतिहासमा लामो समय उत्पीडनको मारमा परेको छ भने यसलाई संस्कृतीकरण गर्ने मुख्य भूमिका राज्यमा वर्चस्वशाली शक्ति तथा सत्तामा रहेको सामन्तवादी ब्रह्मणवाद अनुप्राणित सामाजिक संरचनाको विचारधारा तथा अभ्यास रहेको छ । समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्वसँगै पहिचानको आवाज प्रस्तुत भएका छन् । सामाजिक संरचनामा जातीय समूहका रूपमा रहेका जातिको पहिचानसँगै तिनलाई राज्यको मूलधारमा ल्याउनका लागि परिवर्तित राजनीतिक, सामाजिक तथा सांस्कृतिक परिवेशको अहम् भूमिका रहेका छ भने जातिको संस्कृतीकरण गर्ने परम्परामा अन्तर्निर्भर रहेका मान्यता विरुद्ध प्रतिरोधसहितको समावेशीकरणको प्रक्रियाले यस विषयलाई आधार प्रदान गरेको छ । समाजमा अपहेलित तथा उत्पीडनको पृष्ठभूमिका जीवन व्यतित गर्ने सामाजिक समूहका रूपमा दलित जातिको प्रतिनिधित्व समाजका हरेक क्षेत्रमा गतिशील रहेको छ भने साहित्यमा पनि यसको प्रतिबिम्बन सबल र सशक्त ढङ्गमा भएको छ । ब्राह्मणवादी वर्णव्यवस्था र जाति विभाजनका साथै श्रमसंस्कृतिको परिभाषाभित्र समावेश गरी शूद्र तथा अछुत जातिमा वर्गीकृत रहेका उपजाति समूहको प्रतिनिधित्व सत्ता र त्यसको विचारधाराभन्दा पृथक् स्वपहिचानतर्फ अग्रसर रहेको तथा जातीय दृष्टिले आफ्नो पहिचान सशक्त रहेको तथ्य आहुतिको निम्नपङ्क्तिमा प्रस्तुत भएको छ -

म तिम्रो बस्तीको फोहोर सफा गर्ने च्यामे हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरूलाई च्यात
त्यहाँ मेरो सङ्गीतको मधुर सरसराहट सुनिन्छ
आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे !
कि मलाई जनावरसँग बाँध र घाँस खुवाउने आँट गर
कि तिमी आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर

म सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ- वादी हुँ
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !

आहुति, गहुँगोरो अफ्रिका, समकालीन नेपाली कविता २, पृ. ३९-४० ।

ब्राह्मणवाद सामाजिक संरचनामा जातीय वर्चस्व स्थापित गरी कथित उच्चजातिको विचारधाराका आधारमा कथित निचजाति मानिएका सामाजिक समूहमाथि शासन स्थापित गर्ने सांस्कृतिक अभ्यास हो । नेपाली सामाजिक संरचनामा विस्तारित रहेको वर्णव्यवस्थामा आधारित जातिव्यवस्था तथा त्यसको दमनकारी पक्षले उत्पीडित जातिका रूपमा दलितलाई परिभाषित गरेको छ भने तिनको पहिचान विभिन्न उपसमूहमा विभाजन गरी प्रस्तुत गरेको छ । नेपाली समाजमा श्रमका आधारमा निर्धारण भएको जाति व्यवस्थाअनुसार धातुजन्य, कपडाजन्य, फोहारजन्य, वाद्यबादन, सङ्गीत तथा मनोरञ्जनका साथै अन्य विविध विधामा काम गर्ने जातिको अलगअलग उपसमहमा विभाजित रहेको एवम् तिनका कार्यप्रकृतिका आधारमा निर्धारण भएका व्यवस्थाअन्सार तिनमाथि दमन रहेको प्रतिनिधित्वको प्रणालीलाई उपर्युक्त उद्धरणले पुष्टि गरेको छ । सामाजिक समूहअन्तर्गत सत्तासम्बन्धमा उत्पीडित जातिको उपमान पाएका कथित्  च्यामे, पोडे, गाइने, वादी, लगायतका विविध उपसमूहमाथिको दमनकारी विचारधाराका कारण उपेक्षित रहेको सन्दर्भ प्रस्तुत यस उद्धरणले नेपाली सामाजिक संरचनामा कथित् निचजाति मानेका दलित समूह एकै जातीय विशेषतायुक्त मात्र नभई यिनमा रहेको विविधतालाई पुष्टि गरेको छ भने तिनको उत्पीडित आवाज समकालीन नेपाली कवितामा सघन रहेको विषयको पुष्टि गरेको छ ।

... ... ...

मालिक !
म कसरी आतङ्ककारी हुन सक्छु ?
म केवल बौलाएँ मालिक !
बौलाएँ
हो मैले –
मालिकको दिव्योपदेश पालन गरिनँ हुँला
रक्सी खाएर –
यो देश मैले पनि आर्जेको हुँ भने हुँला
भानुभक्त बाजेको गीत र मेरो सियो
बराबर हो भने हुँला
मैले सिएका सुकिला लुगा ओढेकाहरूलाई
मेरो नाङ्गो आङ देखाएँ हुँला
बौलाएपछि मैले
मेरै भगवान्लाई पनि गाली गरेँ हुँला

मुकारुङ, बिसे नगर्चीको बयान, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ६९१-६९२ ।

नेपाली समाजमा श्रमविभाजनअन्तर्गत दलित सामाजिक समूहअन्तर्गत कपडा सिलाउने

उपसमूहको भूमिका पाएको दलित जातिको योगदान नेपालको एकीकरणसँग जोडिएको छ । यस अर्थमा नेपालको राष्ट्रियता निर्माणमा दलितको प्रतिनिधित्व समकालीन नभई ऐतिहासिक रहेको भए पनि यी जाति राज्य तथा सामाजिक विचारधाराबाट प्रत्यक्ष उत्पीडित रहेको निश्चित गर्नसकिन्छ । आधुनिक नेपाली इतिहासको आरम्भ गोरखा राज्यको बिस्तार तथा सार्वभौम नेपालको निर्माणमा राज्यको प्रमुख सल्लाहकार रहेको छ । सल्लाहकारको भूमिका निर्वाह गर्ने बिसे नगर्ची दलित उपसमूहअन्तर्गत दमाईं जातिको प्रतिनिधि तथा यसैलाई प्रतिनिधित्व गर्ने उपसमूहको इतिहास हो । आधुनिक नेपाली राजनीति र समाजव्यवस्थामा उत्पीडित तथा ब्राह्मणवादी विचारधाराका कारण उपेक्षित नै रहन पुगेको इतिहास एवम् वर्तमानसम्म पनि दमित र अछुतको भूमिकामै सीमित पात्र तथा त्यसको ऐतिहासिकतासँग जोडिएको जातिको प्रतिनिधि आवाज यस उद्धरणमा प्रस्तुत भएको छ ।

जदौ हजुर !
म पुरानो मजदुर
उहिले-उहिले
धेरै जोर जुत्ता सिलाएको थिएँ मैले
सुन्ना नम्बरको
एकजोर जुत्ता
सुनको सिलाएको थिएँ सुनको
ठ्याक्क मिल्यो ईश्वरको बैगुनी खुट्टामा
सुकुलगुण्डा भएर त्यही जुत्तामा
ईश्वर भित्र पस्यो
र मेरा लागि सदैव बन्द भयो मन्दिरको दैलो ।

स्मृति, पुरानो मजदुर, बाडुली र स्दूर सम्झना, २०७५, (पृ. ५०–५१) ।

नेपाली सामाजिक संरचनामा ब्रह्मणवादी वर्णव्यवस्थाको विचारधारात्मक पद्धति सत्ताको केन्द्रमा स्थापित भएपछि विचारधाराका अङ्ग मानिने सबै पक्षमाथि भएको नियन्त्रण तथा तिनले उत्पादन गरेको अर्थका आधारमा हुने सत्ता सञ्चालनको प्रक्रियाले समाजमा जातीय छुवाछुत तथा विभेदको स्थिति सिर्जना गरेको छ । सामाजिक विभेद मात्र नभई जातीय आधारमा सामाजिक परम्परा तथा व्यक्तिचेतनामा समेत नियन्त्रणको प्रयास एवम् अभ्यास उपर्युक्त पङ्क्तिमा अभिव्यञ्जना भएको छ । नेपाली सामाजिक संरचनामा जातीय दलित समूहको उपसमूहका रूपमा रही वास्तुकारको कार्य गर्ने समुदायलाई दलित तथा अछुतको पहिचन दिने तथापि तिनको शिल्पलाई धर्मको केन्द्रमा राखी पूजा गर्ने ब्रह्मणवादी संस्कृतिका अन्तर्यमा दलित प्रतिनिधित्व सामाजिक संरचनामा स्वीकार्य रहे पनि तिनको वास्तविकता तथा शिल्पमा समेत कथित उच्चजातिको वर्चस्व रहने विचारधारा संस्कृतीकरणको अभ्यासमा रहेको विषय यस कविताांशको अन्तर्वस्तुको अभ्यन्तरित पक्ष हो । नेपाली सामाजिक संरचनामा दलित जातिको प्रतिनिधित्वमा एकारूपता नभई ती विविधतामा आधारित छन् । मानवसभ्यताको विकासमा कार्यभूमिकालाई आधार मानी निर्धारण भएको व्यक्ति एवम् समूहको

योग्यतालाई जातिमा रूपान्तर गर्ने संस्कृतीकरणको अभ्यास जातीय विभेद तथा अप्रतिनिधित्वलाई संस्थागत गर्ने प्रक्रिया हुन् भने यसले सामाजिक समूहलाई पनि परस्परमा पृथक् तुल्याएको छ ।

हेर्नू इतिहासका पानाहरूमा
म कतै लेखिएको नहुन सक्छु
नभेटिएला मेरो अनुहारको सौन्दर्य
पढ्नु - वेद, पुराण, कर्मकाण्ड
म कुनै अध्यायमा लेखिएको हुन सक्छु
म जहाँ-जहाँ लेखिन सक्छु
अछुत भनेर लेखिन सक्छ मेरो नाम
(जब कसैले दमाईं भनेर सम्बोधन गरिदियो
म त्यसै दिनबाट दमाईं भएछु ।)

परियार, म को हुँ ?. इतर कविता, पृ. १८२ ।

सामाजिक संरचनाका एकाइहरूको निर्माण गर्ने आधार वर्णव्यवस्था हो । प्राचीन वाङ्मय मानिएका वैदिक ग्रन्थमा उल्लेख भएका जातिसमूहलाई ब्राह्मणग्रन्थको अभ्युदयले जातीय सर्वोच्चतासँग जोडेर विचारधाराको संस्कृतीकरण गरेपछि कथित ब्राह्मण र दलित उपसमूहको निर्माण भएको हो । ब्राह्मणलाई कथित उच्च तथा दलितलाई निम्न मात्र नभई अछुत जातिको स्थान दिएपछि आरम्भ भएको जातीय वर्गीकरणको प्रभाव निरन्तर गतिशील रहेको छ । श्रमकार्यको भूमिकामा सभ्यसमाज निर्माणको आधार तयार गर्ने कपडाशिल्पीलाई कथित् अछूतजातिमा सामाजिक व्यवहार गरिएको विषयलाई कविताले सशक्त रूपमा प्रस्तुत गरेका छन् । श्रमकार्यमा बर्षदिन अहोरात्र खट्दा पनि सत्ताले गर्ने शोषण तथा न्यून आयका कारण वर्गीय तथा ब्राह्मणवादी जातीय उत्पीडनकारी विचारधाराका कारण उत्पीडनमा परेका दलित उपसमूहका रूपमा दमाईं जाति तथा तिनको विचारधारात्मक प्रतिनिधित्व समकालीन नेपाली कवितामा रहेको विषयलाई निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् -

बर्ष दिनको कमाइ
मेरी आमाले पोल्टोको पटुकीमा
भाग, बाली र पुन्कीको नाममा
आधा पेटमै परिवार चलाइरहेकी
लाज छोप्न जडचौरीले कटाइरहेकी
जीवनको सारा उर्जा सिद्धिएपछि
यति बेला मेरी आमा
टाल्न नसक्ने
सिउन नसक्ने
अभावग्रस्त जिन्दगी लिएर

विष्टका कपडा सिइरहेछिन्
कि अपमानित आँसुको घुट्को पिइरहेछिन्

परियार, मेरो गाउँ, इतर कविता, पृ. १६४-१६५ ।

नेपाली सामाजिक संरचनामा सामाजिक संरचनागत विचारधाराका कारण कथित् निम्नजाति मानिने सामाजिक उपसमूहलाई हरेक प्रकारका शोषण, जातीय असमानता तथा विभेदका कारण किनार ीकृत गर्ने विषय समकालीन नेपाली कवितामा अभिव्यञ्जित आवाज रहेको पक्षलाई यी पङ्क्तिले प्रस्तुत गरेका छन् । नेपाली समाजमा दलित उपसमूहको प्रतिनिधित्व सामाजिक संरचनाका कुनै पनि केन्द्रीकृत पद्धतिमा समावेश नहुनु तथा त्यसप्रकारको किनारीकृत संरचना निर्माणका लागि समाजको विचारधार ात्मक संयन्त्रको भूमिका प्रमुख रहेका कारण दलित अप्रतिनिधित्व संस्थागत रहेको पक्ष पृष्ठपोषण भएको छ । नेपाली सामाजिक संरचनामा दलित अप्रतिनिधित्व तथा पहिचानविहीन हुनुको प्रमुख कारक सत्ताको केन्द्रमा रहेको जातीय वर्चस्व र त्यसको विभेदकारी विचारधारालाई मान्न सकिन्छ ।

**प्रभुत्व**

प्रभुत्व सामाजिक संरचनामा विचारधारात्मक केन्द्र र किनारासँग सम्बन्धित सांस्कृतिक पक्षको निरूपण गर्ने मानक हो भने समकालीन नेपाली कवितामा यो विषय सघन रूपमा अभिव्यञ्जित रहेको छ । समकालीन नेपाली कविताले नेपाली सामाजिक संरचनामा लामो समय सत्ता र केन्द्रमा रहेको ब्राह्मणवादी समाज व्यवस्था तथा यसको विचारधारात्मक वर्चस्वका कारण जातीय सामाजिक समूह तथा यसका उपसमूह उत्पीडनमा गरेको विषय प्रस्तुत गरेको छ । समकालीन नेपाली कविताले अभिव्यञ्जित प्रभुत्वको विषय विचारधारात्मक नियन्त्रण तथा दमनका साथै उपेक्षाका आधारमा दमनलाई संस्थागत एवम् संस्कृतीकरण गरेको विषयलाई अन्तर्वस्तुका रूपमा चयन गरेको छ । नेपाली इतिहासको आधुनिक युग निर्माण तथा एकीकरण अभियानमा प्रमुख सल्लाहकारको भूमिका निर्वाह गरी राष्ट्रप्रति आफ्नो दायित्व निर्वाह गरेको जातिमाथि दलित भएकै आधारमा दमन हुनु तथा तिनको योगदान राज्यका कैयौं पिँढीसम्म पनि किनारीकृत नै रहनु इतिहासले सामाजिक संरचनामा दलितमाथि दमनकारी प्रभुत्वको अभ्यास तथा संस्कृतीकरण भएको काव्यिक आवाज निम्नलिखित उद्धरणमा अभिव्यञ्जित भएको छ ।

मालिक !
म यो गोरखा राज्यमा
अढाई सय वर्षपछि बौलाएँ
मेरो टाउको फनफनी घुमिरहेछ
जमिन आकाशतिर
आकाश जमिनचिर भइरहेछ
आँखा तिरमिर-तिरमिर भएर
हजुरको शिर दशवटा देखिरहेछु

खोइ मेरो पैताला कहाँनिर छ ?
कहाँनिर छ बिसे नगर्ची ?
मालिक ! म बौलाएँ
मैले त महाराजको सेवा गर्नुपर्ने
इतिहासको रक्षा गर्न
यो गोरखकालीको पाउ छोएर
नुनको सोझो हुनुपर्ने

मुकारुङ, बिसे नगर्चीको बयान, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ६८९-६९० ।

सत्ताले शक्तिका आडमा आम नागरिक अथवा शासित समुदायमाथि स्थापित गर्ने दमनकारी वा दमनात्मक तथा सहमतीय प्रभुत्व स्थापना गर्ने प्रक्रियाअन्तर्गत विचारधारात्मक रूपमा दमनकारी प्रभुत्व स्थापित रहेको विषय समकालीन नेपाली कवितामा प्रस्तुत भएका छन् । उपर्युक्त उद्धरणमा सामाजिक संरचनाका रूपमा राज्यको उपस्थितिमा आम नागरिकमाथि जातकै आधारमा अवसरबाट वञ्चित तुल्याई किनारीकृत तुल्याउने कार्य विचारधारात्मक दमन अर्थात् दमनात्मक प्रभुत्व स्थापित गर्ने प्रक्रियाको उदाहरण हो । समाजलाई जातीय आधारमा वर्गीकरण गर्ने वर्णव्यवस्थाको प्राचीन परम्परालाई अङ्गीकार गरेको सामाजिक संरचना ब्राह्मणवादी विचारधाराअनुसार गतिशील हुनुको परिणाम नै समकालीन समयमा पनि विस्थापित हुननसकेको स्थितिमा तत्कालीन समयमा राष्ट्रनिर्माणका लागि बिसे नगर्ची तथा उनका सन्तानका साथै कथित् दलितको जातीय उपसमूहमा रहेका सामाजिक संरचना उपेक्षा मात्र नभई विचारधारात्मक दमनका साथै उत्पीडित रहेको विषय उपर्युक्त उद्धरणले पुष्टि गरेको छ । नेपाल राज्य, राष्ट्र र राष्ट्रियता निर्माणमा कथित उच्चजाति र तिनको राष्ट्रियताको विश्लेषण गरेर नथाक्ने सत्ताकेन्द्री इतिहास तथा इतिहासलेखनको त्रुटिपूर्ण पद्धतिप्रति प्रतिरोधका साथै त्यसप्रकारको विभेदकारी दमनविरुद्ध प्रतिकारको उद्घोष भएका कविताको र चना समकालीन नेपाली कविताको प्राप्ति हो भन्ने तथ्य निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् :

तिम्रो पैतालाको जुत्तादेखि शिरको टोपीसम्म
तिम्रो दृष्टिको दूर क्षितिजदेखि मुटुको स्पन्दनसम्म
म कहाँ छैन सर्वत्र छु !
मलाई तिमी कसरी 'अछुत' बनाउन सक्छौ 'छुत' मान्छे ?
कि इतिहासको कठघरामा उभिने आँट गर
कि आफूलाई बदल्ने साहस गर
आँखा जुधाउने आँट गर पुजारी !
म बीसौं शताब्दीको 'अछुत' हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
म अपमानित इतिहासको हिसाब चाहन्छु
म कुनै पनि मूल्यमा मुक्ति चाहन्छु

आहुति, गहुँगोरो अफ्रिका, समकालीन नेपाली कविता २, पृ. ४० ।

नेपाली समाज तथा सामाजिक संरचनामा रहेको जातीयस्थिति तथा प्रभुत्वको प्रक्रिया सहमतीय नभई दमनकारी रहेको विषय यस उद्धरणमा अभिव्यञ्जित भएको छ । समाज तथा सांस्कृतिक विचारधारामाथि नियन्त्रण गरी जातीय विभाजनका साथै कथित् दलित समुदायमाथि अधिनस्थता मात्र नभई उक्त सामाजिक उपसमूहमाथि विभेदकारी दमन गर्ने भूमिकाका लागि ब्राह्मणवादी पुरातन जातिव्यवस्था तथा त्यसले निर्माण एवं निर्धारण गरेको अवैज्ञानिक विचारधाराको निरन्तरता रहेको छ । समाज र संस्कृति निर्माणमा समानान्तर योगदान पुऱ्याउने जाति तथा तिनको भूमिकालाई कुनै पनि इतिहासलेखनमा नसमेटिनु नै दलित सामाजिक समूहमाथि विचारधारात्मक दमन तथा प्रभुत्व स्थापित गर्ने दमनकारी शैली हो भन्ने विषय यस उद्धरणमा अभिव्यञ्जित आवाज हो । नेपाली समाजमा कथित् उच्चजातिको वर्चस्व तथा तिनमा सञ्चरित उच्चजातीय सत्ताअभ्यासका कारण दलित समुदायको श्रम तथा त्यसबाट प्राप्त व्यक्तिगत अथवा सामूहिक सम्पत्तिमाथि समेत नियन्त्रण गरी यी समूहलाई इतिहासविहीन तुल्याउने संस्कृतिले यो समूह उपेक्षित, उत्पीडित तथा विभेदमा परेको छ ।

पाँच नम्बरको
अर्कोजोर जुत्ता
आफ्नै छाला सिलाएको थिएँ आफ्नै छाला,
त्यो चाहिँ बादशाहको खुनी खुट्टामा मिल्यो
त्यही जुत्ताले राजमार्ग बनाउँदै मेरो छाती
अझै पनि दरबार सवार हुन्छन् उसका दरसन्तान ।
चुक्ता गरेन बादशाहले जुत्ताको निमेक
उसको छोराले
उसको बाबुले
उसको बाजेले
उसको बराजुले
उसको सारा साखा सन्तानले
बर्बर कुल्चेका छन्
सित्तैमा मेरो मूल्यवान् जिन्दगी ।

(स्मृति, पुरानो मजदुर, बाडुली र सुदूर सम्झना, २०७५, पृ. ५१-५२) ।

दलित सामाजिक समूहमाथिको प्रभुत्व, सामाजिक संरचना, धर्म, परम्परागत संस्कृति तथा कथित उच्चजातिको वर्चस्व स्थापित गर्ने सन्दर्भमा अछूतको पहिचान दिई सांस्कृतिक मान्यताका रूपमा भएको छ । सामाजिक समूहका रूपमा रहने दलित जातिको श्रम तथा त्यसबाट प्राप्त जुनसुकै शिल्पकारिताका वस्तुलाई निर्बाध पूजा गरी देवत्वकरण गर्ने तथापि शिल्पकारमाथि विभेद सिर्जना गर्ने सांस्कृतिक ज्ञानको उत्पादन एवम् प्रसारणले दलित प्रतिनिधित्व तथा पहिचान अछूतको भूमिकाभन्दा माथि उठ्न नसकेको तथ्यसिद्ध छ । उपर्युक्त पङ्क्तिले दलितको सम्पत्तिमाथिको निर्विकल्प अधिकारप्राप्त समुदायको भूमिका ब्राह्मण जातिलाई दिने प्राचीन अभ्यास तथा तद्विषयक ज्ञानको

अभ्यन्तरित समकालीन अभ्यासले दलितले निर्माण गर्ने देवताको मूर्ति पुज्य भई मन्दिरमा उच्चजातिको आस्थाका लागि स्थापित हुनसक्ने तथापि आफ्नो श्रम र सिर्जनालाई हेर्नसमेत नपाउने सामाजिक संस्कृतिको अन्तर्य भन्नु नै दलितमाथि नियन्त्रण गर्नका लागि स्थापना गरिएको दमनकारी प्रभुत्वको सबल प्रमाण प्रस्तुत गरेको छ । सत्ताको केन्द्रमा रहेको जाति तथा त्यसको विचारधाराका कारण दलित जातिको सामाजिक प्रतिनिधित्व नै अछूत रहने तथा त्यसको कारक दमनकारी संरचना रहेको विषय तलको उद्धरणमा प्रस्तुत भएको छ :

> एकदिन-<br>
> भविष्य खोज्दैखोज्दै गएँ विश्वविद्यालय<br>
> जहाँ रोटी छोएकै निहुँमा कुटिएँ<br>
> पानी छोएकै निहुँमा जरिवाना तिरेँ<br>
> त्यै दिनबाट स्वतन्त्रताको पखेटा चुडिएँ<br>
> र पढेँ जीवनको एक अध्याय कथा ।<br>
> कसैले मेरो हालखबर सोध्यो भने<br>
> सजिलै भन्न सक्छु कि<br>
> यही जातको कारणले<br>
> यो सहरमा कोठा नपाएको पीडा छ मभित्र ।

परियार, म को हुँ ?. इतर कविता, पृ. १८२ ।

कथित जातीय उच्चता र निचताको निर्मिति सामाजिक संरचनाका हरेक एकाइसम्म वितरण एवम् विस्तार भएकाले यसप्रकारको कुप्रथा र अन्धविश्वासको शृङ्खला सचेत, शिक्षित वर्गको उत्पादन गर्ने स्थानमा नै शक्तिशाली रहेको नेपाली समाजमा परम्परारूढ जीवनचेचनाका प्रतिनिधि रहने ग्रामीणक्षेत्रमा त्यसको विकराल अवस्था विस्तारित रहेको सूचित गर्ने उपर्युक्त उद्धरणमा जातीय प्रभुत्वका कारण दलित समूहले सामना गर्नुपर्ने अप्राकृतिक उत्पीडनको विषय प्रस्तुत भएको छ । मान्छेमा हरेकप्रकारका स्वतन्त्रता, समानता तथा विभेदविरोधी ज्ञानको उत्पादन गर्ने स्थान नै परम्परित सत्ता तथा त्यसको ज्ञानको पक्षपाती रहेको अवस्था कथित उच्चजातीय वर्चस्वलाई संस्थागत र संस्कृतीकरण गर्ने माध्यम बनेको सामाजिक सन्दर्भ यस उद्धरणको अन्तर्वस्तु हो । यस उद्धरणमा प्रस्तुत विषय नेपाली समाजमा विचारधारात्मक संस्कृति उत्पादन गर्ने विद्यालय र विश्वविद्यालयमा प्रसारित कथित उच्चजातीय प्रभुत्वको सूचक मात्र नभई दलित सामाजिक समूहमाथि जातीय प्रभुत्व स्थापित गरी विभेद र किनारीकृत गर्ने कार्यमा शैक्षिक संस्थाको भूमिकालाई चित्रण गर्ने आवाज हो । दलित जातीय समूहमाथि प्रभुत्व स्थापित गर्ने तथा तिनलाई सामाजिक भूमिकाबाट पृथक् गरी किनारीकृत गर्ने संस्थागत गर्ने सन्दर्भ सामाजिक सत्तादेखि आरम्भ भई समाजको तल्लो एकाइ अझ भनौँ व्यक्तिसम्म सञ्चरित रहेको छ । समाजमा दलितको भूमिका भन्नु नै तिनको श्रम र सीपको शोषण गरी उक्त जातिको भूमिकालाई प्रभुत्वका आडमा अधिग्रहण गर्ने कथित् उच्चजातिको दमनकारी प्रभुत्व निम्नपङ्क्तिमा अभिव्यञ्जित भएको छ :

हाम्रै पुर्खाको रगत र पसिना चुसेर
मोटाएको मेरो गाउँ
युग सभ्यतातिर लम्किँदा पनि
कुसंस्कार र अन्धविश्वासको तुवाँलोमा
यथावत निर्लज्ज गुम्सिरहेछ
फेरिएको व्यवस्थाभित्रै
नफेरिएको सामाजिक रूप
मेरो सम्झनामा आउनु सट्टा
छातीभरि उत्पीडन बिझाउँछ
मुटुभरि घृणाले रेटिरहेछ ।

परियार, मेरो गाउँ, इतर कविता, पृ. १६४-१६५ ।

अन्धविश्वास र सामाजिक कुप्रथाबाट ग्रस्त सामाजिक संरचनामा दलितको पहिचान श्रमकार्यका लागि छुटचाइनु तथा तिनले निर्माण गरेको संरचना तथा आविष्कारको स्वामित्व लिई तिनैमाथि श्रमशोषण तथा विभेद गर्ने संस्कृति सामाजिक विचारधारा तथा इतिहासको परिवर्तनले पनि अनुभूति गराउन नसकेको वर्तमानलक्ष्यित प्रतिरोध उपर्युक्त उद्धरणमा अभिव्यञ्जित रहेको छ । सामाजिक रूपान्तरणको प्रमुख मुद्धा जातीय विभेद र छुवाछुतको अन्त्य गरी समान नागरिक अधिकारको स्थापना गर्ने अदर्श परम्परागत मूल्यका कारण उपेक्षित बनेको तथा कथित दलित जातिमाथिको विभेदकारी प्रभुत्वका लागि कथित उच्चजातिकै विचारधारा अङ्गीकार गर्ने अभ्यासप्रतिको आक्रोश यस उद्धरणको अन्तर्वस्तु हो । समाजलाई जातीय आधारमा वर्गीकरण गर्ने प्राचीन ब्राह्मणवादी विचारधारा र त्यसको दमनकारी संयन्त्रलाई अभ्यन्तरित रूपमै अङ्गीकार गरेको नेपाली समाजमा दलित जातीय समूहमाथि सांस्कृतिक र विचारधारात्मक प्रभुत्व स्थापना गर्ने कथित् उच्चजातिको दमनकारी प्रभुत्व समकालीन नेपाली कविताको अन्तर्वस्तुमा मुख्य आवाजका रूपमा प्रस्तुत भएको विषयलाई उपर्युक्त उद्धरणले पुष्टि गर्दछन् । उपर्युक्त उद्धरणका आधारमा समकालीन नेपाली कवितामा अभिव्यञ्जित सत्ता-अधिनस्थताको विषय पनि व्याख्येय रहेको मान्नसकिन्छ ।

**सत्ता र अधिनस्थता**

सत्ता-अधीनस्थता साहित्यमा प्रस्तुत प्रतिनिधित्वको अध्ययन गर्ने मानक हो भने समकालीन नेपाली कविताको सांस्कृतिक अध्ययनका सन्दर्भमा यो विषय एउटा अध्ययनक्षेत्र रहेकै छ । साहित्यमा प्रतिबिम्बित प्रतिनिधित्वको प्रणाली र समकालीन नेपाली कवितामा प्रस्तुत सत्ता-अधिनस्थताको विषय कथित् उच्चजातिको वर्चस्वका आधीन दलित जातिको दमित भूमिका र सत्तासम्बन्ध रहेको पक्षसँग सम्बन्धित छन् । समकालीन नेपाली कविताको अन्तर्वस्तु एवम् भाषिक सङ्केतभित्र सामाजिक संरचनामा आधिपत्य स्थापित गरेको कथित् उच्चजातिको भूमिका शासक तथा शासित समुदाय त्यसमा पनि वञ्चितीकरणमा परेको जातीय समूहमा सामाजिक प्रतिनिधित्व भएको जातिको भूमिकामा दलितको प्रतिनिधित्व भएको छ । नेपालको इतिहासदेखि समकालीन जातीय सत्तासम्बन्धमा कथित्

उच्चजातिको प्रतिनिधित्व सत्ता अर्थात् केन्द्रका रूपमा भएको छ भने अधिनस्थ किनारीकृत समूहको प्रतिनिधित्व दलित जातिका रूपमा भएको छ । समकालीन नेपाली कविताले नेपाली राष्ट्रियता निर्माणका लागि समानान्तर योगदान दिने अधिकतर जातिको योगदान भूमिकाविहीन रहेको विषय तथा तिनको सामाजिक संरचनामा अधिनस्थकै भूमिका मात्र रहने सत्तासम्बन्धलाई प्रस्तुत गरेका छन् । समकालीन नेपाली कविताले एकीकृत नेपालको स्थापनामा महत्त्वपूर्ण योगदान दिने तथा तत्कालीन राजालाई विशाल र समृद्ध राज्यनिर्माणका लागि सल्लाह दिने र योजना बनाउने र उसको योगदानलाई इतिहासविहीन तुल्याउने सत्ता र राष्ट्रियताका लागि योगदान दिने कैयौं आवाज दमित रहेको प्रतिनिधि मिथकका रूपमा बिसे नगर्चीको निम्न सन्दर्भका आधारमा नेपाली सामाजिक संरचनामा रहेको सत्ता-अधिनस्थताको विषय प्रस्तुत गरेको छ -

मालिक !
हजुरको तरवारले
टाउको काट्छ कि फूल ?
भ्रममा परेँ म
हजुरको बन्दुकले
विचार ढाल्छ कि मान्छे ?
भ्रममा परेँ म
यस राज्यलाई प्रजाले बनायो कि राजाले ?
भ्रममा परेँ म
अढाई सय वर्षदेखि म तपाईंसमक्ष छु

मुकारुङ, बिसे नगर्चीको बयान, प्रज्ञा आधुनिक नेपाली कविता, पृ. ६९१ ।

सांस्कृतिक अध्ययनमा अप्रतिनिधित्वमा परेका जातीय समूहको सांस्कृतिक प्रतिनिधित्वको अध्ययन गर्ने आधार सत्ता-अधिनस्थताको विषय हुन्छ भन्ने पक्ष मिथकका रूपमा उपर्युक्त उद्धरणमा प्रस्तुत अन्तर्वस्तु हो । नेपाली समाजमा इतिहासदेखि समकालीन सन्दर्भसम्मको विकाशशील र परिवर्तित सन्दर्भलाई हेर्दा सत्ताको केन्द्रमा सदैव कथित उच्चजाति नै सत्ता र केन्द्रमा रहेको तथा दलित जातिको भूमिका राष्ट्रियता निर्माणका लागि उच्चजातिकै तुलनीय रहे पनि तिनलाई जातिका आधारमा किनारीकृत गरिएको एवम् विभेदमा पारिएको सत्ता-अधिनस्थताको सत्तासम्बन्ध प्रस्तुत उद्धरणको केन्द्रीय भावभूमि हो । उपर्युक्त उद्धरणले सामाजिक संरचनामा जातिका आधारमा सीमान्त तुल्याइएका दलित समूह सत्तासम्बन्धका आधारमा किनारीकृत अर्थात् उत्पीडित समुदायकै भूमिकामा रहेको तथा यसका कारक ब्राह्मणवादी विचारधारा अवलम्बन गर्ने सामन्तवादी शासन तथा त्यसको दमनकारी नीति रहेको विषय प्रस्तुत गरेको छ । नेपाली सामाजिक संरचनामा दलित जाति उत्पीडनमा पर्नुको कारक सामाजिक सत्ता र राज्यले अख्तियार गरेको दमनकारी नीति एवम् विचारधारात्मक प्रभुत्व हो भन्ने विषय समकालीन नेपाली कवितामा अभिव्यञ्जित भएको छ । समाजलाई अनुशासित तुल्याउने नाममा संस्कृतिको अङ्गका रूपमा विकास भएका धर्म, अध्यात्म तथा जातिका नाममा अछूत

मान्ने संस्कृतीकरणको अभ्यासले दलित जातिको श्रममाथिको नियन्त्रण कथित उच्चजातीय समूहलाई दिने विभेदकारी विचारधाराका कारण दलित सँधै अधिनस्थ तथा दलितइतरका जाति सत्तामा रहने सत्तासम्बन्ध निम्न उद्धरणमा प्रस्तुत भएको छ ।

> तिम्रो मन्दिरको मूर्तिमा मेरो आरनको गन्ध आउँछ
> ओदानीमाथिको कराहीमा मेरो पसिनाको गन्ध आउँछ
> आँखा जुधाउने आँट नगर धर्माती मान्छे
> कि मेरो अस्तित्वलाई भुङ्ग्रामा पोल र धर्म धान्ने आँट गर
> कि मेरो अपमान गर्ने शास्त्रका पानाहरूलाई
> च्यात्ने या जलाउने साहस गर
> म तिम्रो मन्दिरको देवता बनाउने कामी हुँ
> यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !

आहुति, गहुँगोरो अफ्रिका, समकालीन नेपाली कविता २, पृ. ३९ ।

सामाजिक संरचनामा सत्तामा रहने वर्गको अधिनस्थप्रतिको सम्बन्ध विचारधारात्मक दमनमा आधारित रहन्छ भने यो अभ्यासमा दलित सँधै शासित नै रहने आधार निर्माण भएको छ । वास्तुशिल्पी जातिका रूपमा धातुजन्य वस्तुलाई कलात्मक आवरण दिई कथित उच्चजातिले पूजा गर्ने ईश्वर होस् वा तिनका भान्सामा मिष्ठान्न पाक्ने चुह्लोसम्म आफ्नो प्रतिनिधित्व शिल्पका माध्यमबाट प्रस्तुत गर्ने दलित सामाजिक समूह तथा तिनको अवमूल्यन गर्ने विचारधारा एवम् संस्कृतीकरणका कारण शासितकै भूमिकामा रहनु तथा परिवर्तित सामाजिक संरचनाले पनि परम्परागत विचारधारालाई अभ्यन्तरित गर्नु दुर्भाग्यपूर्ण रहेको विषय उपर्युक्त उद्धरणको अन्तर्वस्तु हो । यस उद्धरणले कथित दलित र उपल्लो जातिको जातीय वर्गीकरण गर्ने तथा त्यसलाई संस्कृति मान्ने प्रयोजनका लागि लिखित दस्तावेजमा भएका प्रमाणसमेत नष्ट गर्नुको तात्पय समाजमा विभेदलाई संस्थागत गर्ने दुष्प्रयास हुन् भन्ने प्रतिरोधी आवाजसहित दलितको शासित स्वरूप र यसको वर्तमान अवस्थालाई प्रस्तुत गरेको छ । सदियौँदेखि सत्ताको केन्द्रमा नपुगेका दलित जातिको पहिचान उपेक्षित र उत्पीडित नै रहेको तथा सत्ताको विभेदकारी विचारधारात्मक दमनलाई अङ्गीकार गर्न बाध्य रहेको विषय निम्नलिखित उद्धरणमा प्रस्तुत भएको छ :

> हजुर जदौ !
> म पुरानो मजदुर
> जिन्दगीमा
> टेकिएर जुत्तामुनि जति जुत्ता सिलाए पनि
> सबै जुत्ता तिनीहरूकै खुट्टामा मिल्यो
> जसले मलाई निरङ्कुश पदचापले टेके
> जसले मलाई अछुत भनेर
> जुत्तैजुत्ताले हिर्काएर घरबाट लखेठे

ई : हेर्नोस्, नेपालको नब्साजस्तो मेरो पाइताला
सियोभन्दा तिखो इतिहास बिझेको घाइते छाला
सोभियत रूसजस्तो चिरचचिरा परेको हाड-छाला
हेर्नोस्, सिम्टाजस्तो सुख्खा-सुख्खा कुर्कुच्चा

स्मृति, पुरानो मजदुर, बाडुली र स्‌दूर सम्झना, २०७५, (पृ. ५२-५३) ।

ब्राह्मणवादग्रस्त नेपाली सामाजिक संरचनामा दलितको भूमिका शासित नै रहेको तथा तिनको राष्ट्रियता पनि दमनकारी धार्मिक विचारधाराको उत्पीडनमा परेको छ । आधुनिक नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक इतिहासमा कथित दलित जातिको प्रतिनिधित्व नहुनु तथा हुननसक्नुको कारण संस्कृति, धर्म, प्रथा, प्रचलन र सामाजिक न्यायका नाममा निर्माण गरिएका कथित उच्चजातीय विभेदकारी विचारधारा हो । सामाजिक संरचनामा भएका सामाजिक रूपान्तरणकारी आन्दोलन तथा तिनको सांस्थागत संस्कृतीकरणका प्रक्रियामा पनि कथित दलित र उच्चजातिबीचको जातीय सत्ता-अधिनस्थताको विषय बहस र नारामा मात्र सीमित रहेको छ । जातीय संरचनाका नाममा दलितको भूमिका परस्परागत वर्णव्यवस्थामा आधारित विचारधाराकै आधारमा सञ्चालित रहेको विषय उपर्युक्त उद्धरणको अन्तर्वस्तु हो । जाति, जातीय उत्थान तथा तिनीहरूमाथि भएको विभेद अन्त्य गरी जातीय समानता स्थापित गर्ने विषय कानुनी रूपमा भए पनि त्यसको प्रभाव सामाजिक संरचना एवम् विचारधारात्मक एकाइसम्म वितरण हुननसक्नुको परिणाम अधिनस्थ सामाजिक समूहको भूमिका प्राप्त हुनु दलित समुदायको यथार्थ हो । विचारधारात्मक रूपमा विभाजित रहेको सामाजिक संरचना र त्यसमा परम्परागत मूल्यमान्यताबाट सङ्क्रमणग्रस्त समाजव्यवस्थाभित्रको न्यायिक प्रणाली पनि परम्परारुढ रहेको पक्ष निम्नलिखित उद्धरणमा अभिव्यञ्जित रहेको छ :

जजसाब !
म यस्तो अरिङ्गालको देशमा छु !
जहाँ हरेक दिन लुटिन्छन् र कुटिन्छन् ।
अरिङ्गाल त म पनि बन्न सक्छु तर बन्दिनँ
एकदिन ऊ आफैँ खसेको देख्नु छ भीरबाट
जसले हजारौं बर्षबाट शोषण गरिरहेको छ हामीमाथि ।

परियार, म को हुँ ?. इतर कविता, पृ. १८२ ।

जातीय निर्मितिलाई आधार मानी दलित भएकै कारण उत्पीडनमा पर्नु र पारिनु तथा दलित अप्रतिनिधित्वलाई संस्कृतीकरण गरिनु सामाजिक संरचनाको विद्रुपता हो । कथित दलित जातिमाथि भएको शोषणको लामो इतिहास तथा उपेक्षा इतिहासदेखि वर्तमानसम्म समानान्तर रूपमा गतिशील रहेको विषयलाई उपर्युक्त उद्धरणले प्रस्तुत गरेको छ । यस उद्धरणमा अभिव्यञ्जित भएका विषय नेपालको सामाजिक संरचनाको समकालीन सन्दर्भलाई प्रस्तुत गर्ने प्रतिनिधि आवाज हुन् । यी आवाजको अन्तर्यमा कथित उच्चजातीय वर्चस्वको उत्पीडनमा रहेका सीमान्त जातिका रूपमा दलित र यसका

उपसमूहको आवाज सत्तासम्बन्धमा शासक र शासितको अवस्थालाई प्रस्तुत गर्ने दरिला प्रमाण हुन् । सामाजिक संरचनामा दलित जातिप्रति न्याय र समानता स्थापित गर्ने सामाजिकीकरणको प्रक्रियामा सकारात्मक पक्ष कहीँ कतै देखिँदैन भने यिनमाथिको दमन र सत्ताको केन्द्रमा स्थापित हुन नदिने अभ्यास हरेक एकाइमा वितरित प्रक्रिया हो भन्ने आवाज उपर्युक्त उद्धरणको सार हो । समाजमा उच्चजातीय वर्चस्व स्थापित गर्नका लागि दलितको सिँढी चढ्ने परम्परा बन्नु तथा सत्तामा पुगेपछि परम्पराका नाममा उपेक्षालाई निरन्तरता दिने अभ्यास नै जातीय विभेद तथा सत्ता-अधिनस्थतालाई संस्थागत गर्ने संस्कृति रहेको पक्ष निम्नलिखित उद्धरणमा भएको छ :

परिश्रमको मूल्य होइन
दयाको भीख माग्न बाध्य बनाउने
स्वाभिमान र स्वाबलम्बी होइन
कठै बिचरा तुल्याउने
या गाउँले बढेको देख्नै चाहेन
पशुभन्दा तल्लो स्तरको
सँधै निम्छरो बन्नुपर्ने
सँधै आशाकारी कारिन्दा बनाइरह्यो

परियार, मेरो गाउँ, इतर कविता, पृ. १६४-१६५ ।

श्रममा आधारित समाज व्यवस्थालाई वर्णव्यवस्थामा परिवर्तन गरी जातीय विभाजनलाई संस्कृतीकरण गर्ने ब्राह्मणवादी विचारधाराका आधारमा कथित दलित जातिको श्रमलाई आफ्नो मान्ने संस्कृतिले दलित जातिलाई उपेक्षित सामाजिक समूहका रूपमा उपेक्षा गरेको छ । सांस्कृतिक र विचार धारात्मक रूपमा भएको उपेक्षा नै दालित सामाजिक समूहलाई अधिनस्थ तुल्याउने आधार हो । परम्पराका नाममा कथित दलित जातिलाई श्रमकार्यकै आधारमा जातीय विभेद गर्ने तथा तिनको श्रममाथि वर्चस्व स्थापित गरेका कारण दलित प्रतिनिधित्व किनारीकृत नै रहेको छ भने यस जातिको भूमिका अधिनस्थ बन्नुको कारक दलित जातिलाई श्रम, सेवा तथा कारिन्दाको भूमिकाभन्दा माथि निस्कन नदिने सामाजिक अभ्यास रहेको भाष्य उपर्युक्त उद्धरणको सार हो ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धान “समकालीन नेपाली कवितामा प्रतिनिधित्व” रहे पनि यसमा नेपाली कवितामा जातीय प्रतिनिधित्वअन्तर्गत दलित प्रतिनिधित्वको विवेचना भएको छ । समकालीन नेपाली कविताको अन्तर्वस्तुमा परिवर्तित सामाजिक, राजनीतिक एवम् सांस्कृतिक मूल्यको प्रभाव स्पष्ट देखापरेको छ भने यस पक्षको सघनता रहेका कविता सांस्कृतिक प्रतिनिधित्वका कोणबाट अध्ययनीय सामग्री रहेका छन् । कविता साहित्यका चार प्रमुख विधामध्ये तीव्र सौन्दर्यानुभूति तथा कम आग्रह अभिव्यञ्जना हुने कलात्मक र रागात्मक साहित्यिक विधा हो । विषयवस्तुलाई सटिक तथा भावसम्प्रेषणको प्रभावकारी माध्यम मानिने कवितामा समकालीन सामाजिक सन्दर्भको स्पष्ट प्रभाव

परेको छ भने यस अनुसन्धानका लागि चयन भएका गहुँगोरो अफ्रिका, बिसे नगर्चीको बयान, पुरानो मजदुर, म को हुँ ? र मेरो गाउँ कवितामा दलित प्रतिनिधत्व र पहिचानका अतिरिक्त प्रभुत्व र सत्ता-अधीनस्थता सघन रूपमा प्रस्तुत भएका छन् । प्रतिनिधित्व राजनीतिक विषयबाट समालोचनामा आएको अन्तर्अनुशासन हो । प्रतिनिधित्व मार्क्सवादले सम्बोधन गर्ननसकेका वर्गइतरको सामाजिक समूह तथा तिनको सत्तासँगको सम्बन्ध साहित्यमा प्रस्तुत भएका भाष्यका आधारमा साहित्यको विवेचना गर्ने यस सैद्धान्तिक मान्यताले जाति, लिङ्ग, वर्ण, फरक क्षमता, क्षेत्र र विचारधारालाई मूलधारमा ल्याई तिनको पहिचान स्थापित गर्ने सांस्कृतिक अध्ययनको क्षेत्र हो । समकालीन नेपाली कवितामा जातीय प्रतिनिधित्व शक्तिशाली विषयका रूपमा स्थापित रहेको छ भने यो नेपाली कवितामा अभिव्यञ्जित मुख्य प्रवृत्ति हो । समकालीन नेपाली कवितामा दलित जातीय समूहअन्तर्गत अधितर उपसमूहको प्रतिनिधित्व तथा तिनको आवाज प्रस्तुत भएको छ । अध्ययनको आफ्नै सीमाका कारण यसमा अधिकतर कविता समावेश गर्न नसकिए पनि विश्लेषणका लागि चयन भएका कविताका आधारमा दलित समूह विविध उपसमूहमा विभाजित रहेको तथा तिनका प्रतिनिधि आवाज कविताका माध्यमबाट भएको निष्कर्ष प्राप्त गर्न सकिन्छ । श्रमकार्यलाई आधार मानी निर्धारण भएको वर्णव्यवस्थालाई जातीय संरचना र स्वरूप दिने परम्परागत विचारधाराको संस्कृकीकरण भएको सामाजिक संरचनामा कथित उच्चजातीय वर्चस्वका कारण उपेक्षा र उत्पीडनमा रहेको दलित जातिमाथि विचारधारात्मक तथा दवावमूलक प्रभुत्व स्थापित गर्ने प्रणालीप्रति प्रतिरोधको आवाज प्रस्तुत भएको छ । सामाजिक संरचनामा धर्म, संस्कृति, परम्परा, सामाजिक अभ्यास, प्रथा, प्रचलन आदिका नाममा भएका उत्पीडन र त्यसको संस्कृतीकरणको अभ्यासका कारण दलित सामाजिक समूह किनारीकृत रहेको छ । नेपाली कवितामा अभिव्यञ्जित सत्ता-अधिनस्थताको विषय ब्राह्मणवादी विचारधारालाई अभ्यन्तरित रूपमा ग्रहण गर्ने परम्परानिष्ठ सामाजिक संरचना र त्यसको अभ्यासको निरन्तरताका कारण परिवर्तित सन्दर्भमा पनि दलित जातिको प्रतिनिधित्व उत्पीडित नै रहेको तथा तिनको समाजमा भूमिका केन्द्रमा आउन नसकेको विषय नै कविताको अन्तर्वस्तुगत अभिव्यञ्जना रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भसूची


अज्ञात, सुरेन्द्रकुमार शर्मा (सन् २०१२), *हिन्दु धर्म,* विश्व बुक्स ।.

आहुति (२०७०), *गहुँगोरो अफ्रिका, प्रज्ञा आधुनिक नेपाली कविता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

किसान, यामबहादुर (२०५८), *नेपालमा दलित जातीय मुक्ति आन्दोलन,* जनउत्थान प्रतिष्ठान ।

गिरी, अमर (२०७०), *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क, पूर्णाङ्क १९, पृ. ११-४६ ।

जयसवाल, सुविरा (सन् २००४), *वर्णजाति व्यवस्था : उद्भव, प्रकार्य और रूपान्तरण,* ग्रन्थ शिल्पी ।

दुबे, श्यामाचरण (सन् २०११), *भारतीय समाज* अनु. बन्दना मिश्र, नेसनल बुक ट्रस्ट, इन्डिया ।

परियार, पञ्चकुमारी (२०७६), *मेरो गाउँ, इतर कविता,* (सम्पा.), स्व. स्वप्निल स्मृति, इतर अभियान ।

परियार, पवनविक्रम (२०७६), *म हो हुँ ?, इतर कविता,* (सम्पा), स्व. स्वप्निल स्मृति, इतर अभियान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

प्रसाद, माता (सन् २००१), *दलित साहित्य की पृष्ठभूमि, भारतीय साहित्य में दलित एवं स्त्री,* (सम्पा), सारांश प्रकाशन प्राइभेट लिमिटेड ।

भट्टराई, रमेशप्रसाद (२०७०), सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क,* पूर्णाङ्क १९, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

मुकारुङ, श्रवण (२०७४), *बिसे नगर्चीको बयान, प्रज्ञा आधुनिक नेपाली कविता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, रामविलास (सन् १९८६), *मार्क्स और पिछडे हुए समाज,* राजकमल प्रकाशन ।

स्मृति, स्वप्निल (२०७८), *पुरानो मजदुर, बाडुली र सुदूर सम्झना,* (चौथो संस्क.), फिनिक्स बुक ।

Abrams, M.H. (1999). *A glossary of literary term* (7th ed.). Heinel and Heinel.

Barker, C. (2000). *Cultural studies: Theory & pratices*. Sage Publication.

Barker, C. (2002). *Making sense of cultural study*. Sage Publication.

Barker, C. (2004). *The Sage dictionary of cultural studies*. Sage Publication.

Canning, P. (2001). Representation. *Encyclopedia of Postmodernism*. Routledge.

Edgar, A., & Sedgwick, P. (2004). *Cultural theory*. Routledge.

Gramsci, A. (1971). *Selections from the prison notebook* (Eds.) Q. Hoare & G. Nowell-Smith, Lawrence & Wishart.

Hall, S. (2010). *Representation and cultural representation*. Oxford University Press.

Williams, R. (1958). *Culture & society 1780-1950*. Cambridge University Press.